# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ २९ गते २०३५ साल

### लोकसेवा आयोगको
### सूचना

खण्ड २८ मिति ०३५।५।५ संख्या १९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचना नं. १।०३५-३६ को सूचनाको सि. नं. १८ को सट्टा देहायबमोजिमको सि. नं. १८ राखी निजामती सेवा नियमावली, २०२१ को नियम ३.४ को उप-नियम (१) बमोजिम राजपत्र अनंकित पदहरूको बढुवा समितिको अध्यक्षता गर्ने र सोही नियमावलीको नियम ३.५ को उप-नियम (८) बमोजिम बढुवा समितिको सिफारिशउपर उजूर सुन्ने अधिकारी पनि निम्नबमोजिम तोकिएको छ ।

१८ खण्ड (झ)

| | | |
|---|---|---|
| खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा नपरेको संवैधानिक अङ्ग वा केन्द्रीय स्तरको कार्यालय, विभाग, क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय कार्यालयको लागि । | (क) विभाग, क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय कार्यालयको राजपत्र अनंकित तृतीय र द्वितीय श्रेणीको पदको लागि सम्बन्धित कार्यालय रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी । | (क) सम्बन्धित मन्त्रालयको सचिव । |

६१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (ख) संवैधानिक अङ्गअन्तर्गतका अञ्चल तथा जिल्लास्तरीय कार्यालयको राजपत्र अनंकित तृतीय र द्वितीय श्रेणीको पदको लागि सम्बन्धित कार्यालय रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी । | (ख) सम्बन्धित केन्द्रीय कार्यालयको सचिव । |
| (ग) विभाग, क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय कार्यालयको राजपत्र अनंकित प्रथम श्रेणीको पदको लागि सम्बन्धित कार्यालय रहेको अञ्चलको अञ्चल न्यायाधीश । | (ग) सम्बन्धित मन्त्रालयको सचिव । |
| (घ) संवैधानिक अङ्गअन्तर्गतका अञ्चल तथा जिल्लास्तरीय कार्यालयको राजपत्र अनंकित प्रथम श्रेणीको पदको लागि सम्बन्धित कार्यालय रहेको अञ्चलको अञ्चल न्यायाधीश । | (घ) सम्बन्धित केन्द्रीय कार्यालयको सचिव । |
| (ङ) केन्द्रीय स्तरको कार्यालयको राजपत्र अनंकित तृतीय, द्वितीय र प्रथम श्रेणीको पदको लागि सचिव, गृह मन्त्रालय । | (ङ) मध्यमाञ्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश । |
| (च) संवैधानिक अङ्गको कार्यालयको राजपत्र अनंकित तृतीय, द्वितीय र प्रथम श्रेणीको पदको लागि सचिव, गृह मन्त्रालय । | (च) मध्यमाञ्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश । |

आज्ञाले–
मनमोहनलाल सिंह
लोकसेवा आयोगको सचिव

६९६

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।